081-5■151, 520338, 520316
टोलफ्री नं : 16608152052
फ्याक्स नं : 081-520240
इमेल: nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नेपालगन्ज, बांके

५ नं.प्रदेश

पत्र सख्या : ०७६/७७ ( शिक्षा,युवा तथा खेलकुद शाखा )
मिति : २०७६।०९।०१
च.न. : ९६४

विषयः साक्षरता अभियान सन्चालन सम्वन्धमा ।

श्री वडा अध्यक्ष ज्यू
सबै नं वडा कार्यालय सबै (२३वटै)
नेपालगन्ज , बाँके ।

प्रस्तुत विषयमा नेपालगन्ज उपमहानगरपालिकालाइ २०७७ बैशाख महिना भित्र साक्षर नगरपालिका घोषण गर्नका लागि २०७६ चैत्र महिना भित्र सबै वडाहरु साक्षर घोषणा गर्नु पर्ने भएकोले त्यस वडामा भएका निरक्षर जनसंख्यालाइ कुन कुन प्रकृयाबाट कसरी साक्षर गराउन सकिन्छ ? पौष १५ गतेबाट साक्षरता कक्षा सहितको अभियान संचालन गर्ने गरि वडा कार्यालयमा सरोकारवाला सँगको छलफलमा कार्य योजना सहितको योजना निर्माण गरि पौष ५ गते भित्र यस उपमहानगरपालिकामा पठाई दिन हुन आदेशानुसार अनुरोध छ ।

बोधार्थ:
(१) सूचना तथा प्रविधि शाखा (वेबसाइटमा राख्नु)

गोर्ख बहादुर थापा
उप-सचिव (प्रा)

# आधारभूत साक्षरता कार्यक्रम संचालन प्रकृया

(१)आधारभूत साक्षरता कार्यक्रम स्थानीय व्यवस्थापन, सहजकर्ताको व्यवस्था रसहभागीको अनुकुलता अनुसार देहायका ढाँचामा अभियानको रूपमा सञ्चालन गरिनेछ :

(क) एक व्यक्ति एक साक्षर : समुदायमा रहेका साक्षर एकजना व्यक्तिले अर्को कम्तीमा एकजना निरक्षर व्यक्तिलाई निश्चित समयमा साक्षर गराउने गरी साक्षरता कार्यक्रम सञ्चालन गरिन्छ । यस ढाँचालाई व्यक्ति प्रणाली पनि भनिन्छ ।

(ख) समूह प्रणाली : यसमा समुदायमा कुनै समूहमा आवद्ध रहेका निरक्षरहरूलाई सो समुहको पहलमा साक्षर गराइन्छ । समूह प्रणालीमा सहजकर्ताले धान्न र सिकारुले सिक्न सक्ने सहभागी रहन सक्नेछन्।

(ग)परिवार साक्षरता : यसमा आफ्नो परिवारमा रहेका निरक्षर व्यक्तिलाई परिवारकै साक्षर व्यक्तिको पहलमा साक्षर गराइन्छ ।

(घ) कक्षागत प्रणाली : यसमा सञ्चालक संस्थाबाट नियुक्त र तालिम प्राप्त सहजकर्ताबाट समुदायमा रहेका निरक्षरहरू जम्मा गरी निश्चित सङ्ख्यालाई कक्षामा राखेर सिकाइन्छ । यस प्रणाली अन्तर्गत सामान्यतया हिमाली जिल्लामा प्रति कक्षा २० जना, तराई, पहाड र उपत्यकामा ३० जना सहभागी रहन सक्नेछन्।

(२) सिकाइ समयावधि १५० देखि २०० घण्टासम्म रहने छ । यो समय बढीमा ३ महिनाभित्र दैनिक साढे दुई घण्टाका दरले वा हप्तामा ६ दिन वा सहभागीको अनुकुलतामा निर्धारण गर्न सकिने छ ।

(३) तोकिएको मापदण्ड अनुसार निरक्षर जनसङ्ख्या कायम रही हालसम्म साक्षर घोषणा हुन नसकेका स्थानीय तहले निरक्षर व्यक्तिहरूको सङ्ख्या एकीन गरी साक्षरताको उपयुक्त विधि अपनाई एक आर्थिक वर्षभित्र नै सघन कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।

(४)अभियानको समयावधिभित्र कार्य सम्पन्न हुने गरी स्थानीय तहले आफ्नो अनुकुलतामा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । यस बर्ष २०७६ को पुस १५ भित्र कक्षा आरम्भ गरिसक्नु पर्नेछ ।

(५)साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रमको कक्षा व्यवस्थापन र संयोजन

(क)सामुदायिक सिकाइ केन्द्र मार्फत कक्षा सञ्चालन र व्यवस्थापन: सामुदायिक सिकाइ केन्द्र (सासिके) ले आफ्नो सेवाक्षेत्रभित्र समुदाय परिचालकसहित थप साक्षरता सहजकर्ताहरु परिचालन गरी साक्षरता र निरन्तर शिक्षाको कक्षा सञ्चालन तथा संयोज गर्नुपर्नेछ । सामुदायिक सिकाइ केन्द्रले कम्तीमा एउटा कक्षाको सहजकर्ताको रुपमा समुदाय परिचालकलाई नै जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

ख) विद्यालयमार्फत कक्षा सञ्चालन: सामुदायिक सिकाइ केन्द्र नभएको वा यस मार्फत् कक्षा सञ्चालन तथा व्यवस्थापन गर्न सम्भव नभएमा सो क्षेत्रभित्रको उच्चतम तहको विद्यालयलाई कार्यक्रम सञ्चालनको जिम्मेवारी दिन सक्नेछ ।

(ग) विद्यालयका विद्यार्थी परिचालन : विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रका निरक्षरहरू पहिंचान गरी साक्षर बनाउन माध्यमिक तहका विद्यार्थीहरूलाई स्वयम्सेवकको रूपमा परिचालन गर्न सक्ने छ । यसका लागि स्थानीय निकायले आवश्यक समन्वय गर्नुपर्नेछ

घ) स्थानीय समुदायमा गैह्रसरकारी संस्था, समुदायमा आधारित क्लव, संस्था, समुह, तथा व्यक्तिहरू मार्फत साक्षरता कक्षा सञ्चालन : यस्ता संस्था तथा अभियन्ताहरू परिचालन गरी साक्षरता/निरन्तर शिक्षा, समुदायमा आधारित वैकल्पिक शिक्षा तथा जीवन पर्यन्त सिकाइ सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न सकिने छ । यस्ता संघ संस्था तथा व्यक्तिहरूबाट साक्षरता कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित संघ संस्थाहरूले आर्थिक दायित्व व्यहोर्ने गरी लागत साझेदारिता सुनिश्चित भएमा मात्र कार्यक्रम उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।